# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ११ गते २०३० साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अरनिको राजमार्ग मर्मत सुधारको निमित्त कार्यालय गोदाम निर्माणको लागि बागमती अञ्चल सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे गाउँ पञ्चायत वडा नं. १ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरु नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व अरनिको राजमार्ग, पश्चिम भोटेकोशी, उत्तर मानबहादुरको जग्गा र दक्षिण मायादेवीको बाँकी जग्गा यति ४ किल्लाभित्रको मालपोत रु. १५।४४ (पन्ध्र रुपैयाँ चवालिस पैसा) लागेको जम्मा जग्गा रोपनी ४–१५–२ (चार रोपनी पन्ध्र आना दुइ पैसा) को कित्ता ।

आज्ञाले–
रामचन्द्र मलहोत्र
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।